एक्सेलको १५औं सभा

झापा, असोज १६। एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको १५औं साधारणसभा सम्पन्न भएको छ।

शनिवार सम्पन्न बैंकको साधारणसभा समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा भएको हो।

वार्षिक साधारणसभाले आ.व. २०७६/०७७को वितरण योग्य सञ्चित मुनाफा र शेयर प्रिमियमबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पुँजी रु. ८१ करोड ११ लाख २१ हजारको १२.०० प्रतिशतका दरले बोनस शेयर र उक्त बोनश शेयर वापतको कर प्रयोजनको लागि ०.६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरिएको थियो। सर्वसाधारण शेयरधनीहरुकातर्फबाट सञ्चालक समितिमा पर्शुराम दाहाल, पुरुषोत्तम लम्साल र पेशल राज पोखरेल निर्वाचित भएका छन्।

बैंकको लगानीमा रहिरहेको कर्जा रु. १० अर्बभन्दा बढी र निक्षेप संकलन रु. ११ अर्बभन्दा बढिरहेको छ। बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको बैंकले हाल झापा, इलाम, मोरङ, सुनसरी र पाँचथरका विभिन्न ४१ स्थानमा शाखा कार्यालयहरुमार्फत बैंकिङ सेवा प्रदान गरिरहेको छ। चालू आवमा थप नयाँ शाखाहरु स्थापना गर्ने र निकट भविष्यमा १ नम्बर प्रदेशभर कारोबार सञ्चालन गर्ने उद्देश्यका साथ पुँजी बृद्धि योजना अघि बढाएको बताइएको छ।

पुँजी बृद्धिका लागि कम्पनीको गतचौधौं वार्षिक साधारणसभाको निर्णय अनुसार चुक्ता शेयर पुँजी ८१ करोड ११ लाख २१ हजार दुई सय २४ पैसा ७२ रुपैयाँको ३० प्रतिशतका दरले रु. २४ करोड ३३ लाख ३६ हजार तीन सय ६७ पैसा ४२को हकप्रद शेयर निष्काशन हुने भएको छ।

सञ्चालक समितिका अध्यक्ष गोयलले उद्घाटन गरेको उक्त सभामा स्वागत मन्तव्य सञ्चालक सुष्मा शर्मा वस्तीले राखेकी थिइन्। सञ्चालक हेमराज ढकालले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए।

सभामा बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृत लेखराज कार्कीले बैंकका वर्तमान गतिविधिहरुको बारेमा मन्तव्य राखेका थिए। संस्थापक शेयरधनीहरु सुरेशकुमार अग्रवाल र डा. रुपक खनाल तथा बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत दिनेशकुमार पोखरेलले बैंकको उन्नति तथा प्रगतिका लागि शुभकामना मन्तव्य राखेका थिए।

झापालाई त्रिदेशीय व्यापारिक केन्द्र बनाउन पहल

दमक, असोज १६। नेपाललाई उत्तर–दक्षिण जोड्ने सबैभन्दा छोटो बाटो त्रिदेशीय मार्ग निर्माणमा जनप्रतिनिधिहरुले चासो देखाएका छन्।

दक्षिणमा भारतसँग जोडिएको गौरीगञ्ज र उत्तरमा चीनसँग जोडिएको ताप्लेजुङलाई सडक सञ्जालले जोड्न सके झापा त्रिदेशीय व्यापारिक केन्द्र बन्न सक्नेमा जनप्रतिनिधिहरु एकमत रहेका छन्।

भारतको फत्तेपुर नाकाबाट गौरीगञ्जलाई जीरोबिन्दु मानेर ताप्लेजुङसँग जोडिएको चीनको सीमानाका घुन्सा घाङलासँग सडक सञ्जाललाई जोड्न सके झापाको दमक त्रिदेशीय व्यापारिक केन्द्र बन्न सक्ने दमक नगरपालिकाका मेयर रोमनाथ ओलीले बताए। उनले यो सडक सरकारको प्राथमिकतामा पर्न सके तराई र पहाडलाई व्यापारिक मार्गको रुपमा सहज जोड्न सकिने बताएका छन्। उनले भने- 'स्थानीयतहको प्रयासले मात्र यो सम्भव छैन, यसलाई संघीय सरकारले प्राथमिकतामा राख्नुपर्छ।

यसैगरी गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार साहले त्रिदेशीय मार्गको विकास योजनालाई प्राथमिकतामा राखेर सम्पन्न गर्नसके मधेश र पहाडको व्यापारिक सम्बन्ध नजिक हुनुका साथै नेपाल, भारत र चीनसँगको त्रिदेशीय व्यापारमा सहजहुने बताए। मेयर साहले भने- 'आयात र निर्यातका लागि बंगालादेश, भारत, नेपाल र चीनको व्यापारिक मार्गको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्न यो सडक उपयोगी हुन्छ।

भारतको फत्तेपुर सीमानाकासँग जोडिएको झापाको गौरीगञ्ज यस मार्गको दक्षिणी भेगको जीरोबिन्दु अर्थात बेस पोइन्ट बन्ने भएकाले यो मार्ग निर्माण गर्न आफ्नो तर्फबाट सक्दो भूमिका निर्वाह गर्ने गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले बताए। उनले भने- 'यो मार्ग बन्नुपर्छ भन्ने जनचाहना आजको मात्र होइन, उनले पञ्चायतकालमा नै यो योजना अघि बढाउन गृहकार्य भएको थियो।

इलामको माङसेबुङ गाउँपालिकाका अध्यक्ष डिकेन्द्र इधिङ्गो यो मार्गको मुख्य मेरुदण्ड भनेकै दमक-चिसापानी-रवि सडकखण्ड भएकाले पहिलो प्राथमिकतामा यो निर्माणाधीन अवस्थामा रहेको सडक सम्पन्न गर्नसके अझै ठूला योजनाले प्राथमिकता पाउन सहजहुने बताउँछन्।

उनले भने- 'अहिलेको प्राथमिकता भनेको पहाडी इलाका रवि, चिसापानी, माङसेबुङका जनताले तराई भू-भागका बजार विशेष गरेर दमकसँग सहज यातायात सञ्जालका माध्यमबाट बजारसँग जोडिन सक्नु हो। हिउँद र वर्षा हरेक समयमा यो सडक सञ्चालन गर्नसके त्रिदेशीय मार्ग निर्माणमा थप बल पुर्‍याउन सकिन्छ।'

निर्माणाधीन अवस्थामा रहेको दमक–चिसापानी-रवि सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष रेवतराज पुरी (गगन) ले अब पन्ध्र महिनाभित्र दमक-चिसापानी (फाल्गुनन्द मार्ग) कालोपत्रे भइसक्ने बताए।

पञ्चकन्याधामको ११ औं सभा

अर्जुनधारा, असोज १६। अर्जुनधारा-१० स्थित पञ्चकन्याधामको ११औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ।

धाम समितिका अध्यक्ष कर्णाखर ढुङ्गेलको अध्यक्षता र धार्मिक तथा सामाजिक व्यक्तित्व गोपीकृष्ण प्रसाईको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभामा संस्थाको लेखा प्रतिवेदन कोषाध्यक्ष पर्मानन्द पोखरेल र सचिव जगन्नाथ अधिकारीले प्रस्तुत गरेका थिए।

धामको संरक्षण, सम्वर्द्धन र उन्नयनका लागि योगदान गर्ने दातामध्येबाट प्रत्येक बर्ष एकजनालाई सम्मान गर्ने संस्थाको नियमानुसार यो वर्ष बिर्तामोड-४ निवासी विवेक गजमेरलाई सम्मान गरिएको थियो। सम्मानित व्यक्तिलाई सम्मान पत्र र रुद्राक्षको मालासहित सम्मान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रसाईले साँचो मनले भगवानको उपासना र भक्ति गरे त्यसले मानवजीवनलाई नै फाइदा पुग्ने बताए। धाम समितिका पूर्व अध्यक्ष तथा दाता विपिन बजगाँई, सरस्वती बालकल्याण माविका शिक्षक शुक्र घिमिरे, सुखानी शहीद स्मृति प्रतिष्ठानका लेखापाल पुष्प तिवारी, मैनादेवी पराजुली लगायतले शुभकामना मन्तव्य राखेका थिए। सो क्रममा बोल्दै पूर्वअध्यक्ष विपीन बजगाँईले पञ्चकन्या देवी मन्दिरको जीर्णोद्धारसहित अन्य भौतिक संरचना निर्माणको आवश्यकता औंल्याउँदै त्यसका लागि आफूले पहल गर्ने प्रतिवद्धता जनाए।

सम्मानित व्यक्तिको सम्मान-पत्र चन्द्रकला भण्डारीले वाचन गरेको कार्यक्रममा मातृका संग्रौलाले भजन तथा नाकले मुरली बजाएका थिए। जगन्नाथ अधिकारीले सञ्चालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष सीता घिमिरेले गरेकी थिइन्।

एकदशक अघि स्थापित पञ्चकन्या धामसमितिले पञ्चकन्या मन्दिर परिसरमा श्रवण हलसहितको दुईतले पक्की भवन निर्माण गरिसकेको छ। जीर्ण हुँदै गएको पञ्चकन्या देवीको मन्दिरको चालू आर्थिक वर्षमा जीर्णोद्धार गर्ने लक्ष्य राखेको बताइएको छ।

अपराध ...

भएकाले बैंक तथा वित्तीय क्षेत्रमा हुनसक्ने लुटपाट तथा चोरीका घटना नियन्त्रणका लागि प्रहरीले बैंक तथा वित्तीय संस्था, सुनचाँदी लगायत आर्थिक कारोबार हुने स्थानमा २४सै घण्टा प्रहरी परिचालन गर्दै त्यस्ता स्थानमा कार्यरत निजी सुरक्षा गार्डहरुलाई समेत सुरक्षा सम्बन्धी अभिमुखीकरण तालिम दिइने जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

उता चाडपर्व नजिकिएसँगै हुनसक्ने अवैध एवम् अवाञ्छित गतिविधि रोक्न मोरङ जिल्लामा पनि उच्च सतर्कतासहित सुरक्षा सक्रियता बढाइएको छ।

भारतसँग सीमा जोडिएका जिल्लाका सीमा क्षेत्रमा विशेष सुरक्षा सतर्कता अपनाइएको जिल्ला प्रशासन कार्यालय मोरङले जनाएको छ। चाडपर्व लक्षित सुरक्षा योजना अनुसार शान्ति सुव्यवस्था कायम गर्नका लागि सुरक्षाकर्मीहरू परिचालन गरिँदैछन्। सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका गरी १५ सय ७६ सुरक्षाकर्मी परिचालन गरिने भएको छ।

भारतसँग सीमा जोडिएका स्थानलाई उच्च प्राथमिकताका साथ अनुगमन र निरीक्षण गर्न पनि थालिएको छ।

यसैगरी, महत्वपूर्ण स्थान, हाटवजार, व्यवसायिक तथा औद्योगिक केन्द्रको सुरक्षा योजना बनाई सुरक्षाकर्मी परिचालन गरिएको छ भने चाडपर्वका बेला विशिष्ट व्यक्तिको समेत आवागमन हुनसक्ने भएकाले त्यसतर्फ पनि ध्यान पुऱ्याउँदै सुरक्षा सतर्कता अपनाइएको प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए।

यात्रुहरूका लागि हेल्पडेस्क स्थापना गर्ने, सकेसम्म अनलाइन प्रणालीबाट टिकट वितरण गर्ने, बसपार्क लगायतमा भीडभाड हुन नदिने, यात्रुहरूको सुरक्षा व्यवस्था मिलाउने र लुटपाट हुन नदिने भन्दै चौबीसै घण्टा सुरक्षाकर्मी परिचालन गरिने भएको हो।

साथै, चाडपर्व नजिकिँदै जाँदा रोजगारीका लागि भारत गएका नेपाली फर्कने क्रम पनि शुरु भएको छ। योसँगै पर्व मनाउन सामान किनमेलका लागि आवतजावत गर्नेको पनि सीमा नाकामा भीडभाड शुरु भइसकेको छ। सीमा नाकामा भीडभाड बढेसँगै कोरोना भाइरसको सङ्क्रमण रोक्न र नियन्त्रण गर्नका लागि सीमामा हेल्थ डेस्कलाई प्रभावकारी बनाइएको छ। भारतबाट नेपाल प्रवेश गर्नेको एन्टिजेन परीक्षणको व्यवस्था पनि मिलाइएको छ। साथै, कोरोना पोजेटिभ देखिए आइसोलेसनमा राखेर उपचार गर्ने व्यवस्था समेत गरिइएको छ।

पछिल्लो समयमा जिल्लामै कोरोना सङ्क्रमण घट्दो क्रममा रहेको र चाडपर्वमा किनमेल गर्नुपर्ने भएकाले हाटवजार खोल्ने समय पनि बढाइएको छ। बेलुका ८ बजेसम्म सञ्चालनमा हुँदै आएको बजार एक घण्टा थप गरी राति ९ बजेसम्म खोल्न पाउने व्यवस्था मिलाइएको हो।

यसैगरी, यातायात सुचारु राख्न पनि प्रशासनले यातायात व्यवसायीसँग छलफल गरेको छ। सवारी साधनमा सिट क्षमताभन्दा बढी यात्रु राख्न नपाइने, स्यानिटाइजरको प्रयोग गर्नुपर्ने, सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था गर्नुपर्ने र दैनिक रूपमा डिस्इन्फेक्सन गर्ने निर्णय भएको छ। कोरोना सङ्क्रमण घटे पनि जोखिम कायमै रहेकाले पूर्णरुपमा स्वास्थ्य मापदण्ड पालना गर्न प्रशासनले अनुरोध गरेको छ।

यसैगरी, उद्योग कलकारखाना स्वास्थ्य मापदण्ड पालना गरेर सञ्चालन गर्न भनेको छ। सरकारी कार्यालय, बैङ्क तथा वित्तीय संस्थाहरूमा समेत अनिवार्य रुपमा मास्कको प्रयोग गर्न निर्देश गरेको छ। उद्योगी व्यवसायी, स्थानीय तह लगायत सम्पूर्ण राजनीतिक नेतृत्वलाई समेत कोरोनाबाट जोगिनका लागि अपनाउनुपर्ने सबै स्वास्थ्य मापदण्डको पालनाका लागि सहयोग र सहजीकरण गर्न पनि आग्रह गरिएको छ।

प्लाष्टिकलाई ...

उपयोग हुँदै आएको छ।

सफाइ अभियानलाई प्रभावकारी बनाउन मञ्चले बोतलमा कोचेर जम्मा गरिने सबै प्लाष्टिक किनिदिने र तिनलाई सङ्कलन गरेर विभिन्न रचनात्मक काममा उपयोग गरिने छ।

नारायणटार मार्ग भनिने मङगालका महिलाले यो अभियानलाई निरन्तरता दिने भएका छन्। प्लाष्टिक कोचिएका बोतल निःशुल्क दिन चाहे पनि अभियानकर्मी पुडासैनीले मिहिनेतको फल दिएकाले त्यसमा थप गरेर गोठाटारस्थित गाई बाच्छा संरक्षण अभियानलाई हस्तान्तरण गरिने समितिका अध्यक्ष बसन्ती लामाले बताइन्। अभियानलाई हस्तान्तरण गरिसकेपछि आजै अर्को एक धोक्रो बोतलमा भरिएका प्लाष्टिक समितिलाई प्राप्त भएको जनाइएको छ।

मञ्चको नेतृत्वमा यस क्षेत्रको सफाइ अभियानको ४०७औं हप्ताको कार्यक्रम शनिवार गोठाटार पुलमा सम्पन्न भयो। कार्यक्रममा पनि नदी किनारमा भेटिएका प्लाष्टिकलाई बोतलमा राखेर सफाइ गरिएको थियो।

यस क्षेत्रमा कुहिने फोहरलाई भने नदी किनारमै खाडल खनेर पुर्ने गरिएको छ। नकुहिने प्लाष्टिकलाई बोतलमा राख्न थालेपछि नदी किनार सफा देखिन थालेको छ।

जग्गा बिक्रीमा

झापाको पर्यटकीयस्थल जामुनबारी सिमसार जानेबाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८४१०६००९९

सटर बिक्रीमा

बिर्तामोड सिटी सेन्टरभित्र फ्रन्टलाइनमा रहेको फेन्सीलाईको नजिक जुनसुकै व्यवसाय गर्न उपयुक्त सटर बिक्रीमा छ।

सम्पर्क: ९८१४९३४९६५, ९८१४९३४९६९

सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः२०७८/०६/१७

घरेलु तथा साना उद्योग कार्यालय झापाका लागि चालू आ.व.२०७८/७९ मा तथ्यांक सहायक सेवा करारमा लिनुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। आवश्यक अन्य जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

जय नारायण अधिकारी
नि. कार्यालय प्रमुख

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि
सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६
नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ !!)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस।

अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा

VARANNYA HEALTHCARE AT HOME

तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !
के यो सम्भव छ ?

यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

उपलब्ध हुने सेवाहरु

- चिकित्सकीय सेवा
- ल्याब सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

तपाईंहरुको सेवामा समर्पित

वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.
बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)

उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरुद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

रिपोर्ट पोजेटिभ आए :

होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

Post-Covid Management

कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

VARANNYA HEALTHCARE SERVICE

CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052

सन्दकपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मावुमोड, देउराली, इलाम
१ नं. प्रदेश, नेपाल

क्याटलक सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी उत्पादक वा आधिकारिक विक्रेताहरुलाई प्राविधिक प्रस्ताव दर्ता आव्हानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०७८/०६/१६

चालू आ. व. २०७८/०७९का लागि यस गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको मोटरसाइकल सार्वजनिक खरिद ऐन,२०६३को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४,को नियम ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा त्यसको आधारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलक सपिङ विधि) बाट खरिद गर्नुपर्ने भएकोले तपशिलमा उल्लेख भए बमोजिमको शर्तहरुको अधिनमा रही आधिकारिक विक्रेताहरुबाट शिलबन्दी प्रस्ताव दर्ता गराउने सम्बन्धी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक इजाजत पत्र उत्पादक कम्पनी वा त्यसको अधिकृत आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमात्र, Letter Of Authorization, आ.व २०७८/७९को कर चुक्ता प्रमाणपत्र त्यसतो सवारी साधन आपूर्ति गरेको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितको कागजातहरुको प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६३को नियम ३१ख को उपनियम २ बमोजिम देहाय अनुसारको मोटरसाईकलको उत्पादको प्राविधिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ८ (आठौं) दिनको १२:०० बजेसम्म यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ।
२. दर्ता हुन आएका प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले ८ (आठौं) दिन मिति २०७८/०६/२४ गते सोमबार दिनको २:०० बजे खोलिनेछ।
३. मोटरसाईकलको स्वीकृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निःशुल्क तथा यस कार्यालयको वेवसाइट www.sandakpurmun.gov.np बाट समेत Download गरी प्राप्त गर्न सकिनेछ।
४. प्रस्ताव सम्बन्धि थप केही बुझ्न परेमा मोवाइल नं. ९८०१४५१७४१ मा सम्पर्क गरि बुझ्न सकिनेछ।

सि.नं.	सवारी साधनको नाम	संक्षिप्त विवरण	कैफियत
1.	Motorcycle	Engine Type Air-Cooled,Single-Cylinder,DOHC 190 cc,Max Power 15.6 HP@8500 rpm,Max Torque 15.7 Nm@6000 rpm,4 valve cylinder,Fuel Supply System Fuel Injection,5 Gear system,12 liter fuel tank, Dirt Type.	

प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोल्प प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : सोमनाथ अधिकारी